म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ५५ २०८० पुस २७ गते शुक्रबार 12 January 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

## राक्सिराङमा दुई वर्षपछि शिक्षा अधिकृत

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकामा दुई वर्षपछि शिक्षा अधिकृत आएका छन् । सोमबार पालिकाका शिक्षा अधिकृतको रुपमा सातौं तहका पंकश थारु आउनुभएको पालिकाका अध्यक्ष राजकुमार मल्लले बताउनुभयो ।

यसअघिका शिक्षा अधिकृत प्रदीप पराजुली गत स्थानीय तहको निर्वाचनभन्दा अगाडि सरुवा भएसँगै पालिका शिक्षा अधिकृतविहीन थियो । शिक्षा अधिकृत नहुँदा प्राविधिक सहायक पासाङ लामाले जिम्मेवारी पाउनुभएको थियो । पालिकाभित्र अहिले ५२ सामुदायिक र दुई निजी गरी ५४ वटा विद्यालय छन् । जसमा ७ हजार विद्यार्थी अध्ययनरत रहेको जनाइएको छ ।

# भ्रष्टाचार नियन्त्रणबिना विकास हुँदैनः मन्त्री श्रेष्ठ




*भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्धदन विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठ ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले भ्रष्टाचार नियन्त्रणबिना देशको विकास नहुने बताउनुभएको छ । बिहीबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाद्वारा आयोजित भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रबर्द्धन विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले भ्रष्टाचार देशको महारोग भएको बताउनुभयो ।

मन्त्री श्रेष्ठले भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापनाबिना देशमा विकास र समृद्धि सम्भव नभएको बताउनुभयो । भ्रष्टाचार राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र सबैतिर फैलिएको बताउँदै उहाँले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न उच्च नेतृत्वले व्यवहारमा उच्च नैतिक मानक कायम गर्नुपर्ने बताउनुभयो । मन्त्री श्रेष्ठले भ्रष्टाचारलाई अपराध कर्मको रुपमा लिँदै देश र जनताको सेवा नै पवित्र कर्म हो भन्ने मान्यतालाई दह्रोसँग स्थापित गर्न प्रतिबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले सम्पत्ति र सत्तालाई शक्तिको श्रोत ठान्ने संस्कृतिलाई बदल्नुपर्ने बताउँदै भ्रष्टाचारीहरुलाई कानुनी कारबाहीसँगै सामाजिकरुपमा समेत बहिष्कार गर्ने संस्कृतिको विकास गर्नुपर्ने उल्लेख गर्नुभयो । मन्त्री श्रेष्ठले अहिलेको निर्वाचन प्रणाली नै भ्रष्टाचारको ठूलो मुहान भएको जिकिर गर्नुभयो । उहाँले प्रत्यक्षको विशेषतासहितको पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्न पहल गर्नुपर्ने भन्दै निश्चित मापदण्डका आधारमा दललाई राज्यले चुनावी खर्च उपलब्ध गराउनुपर्ने बताउनुभयो ।

उहाँले पहुँचको आधारमा योजना निर्माण र बजेट विनियोजन गर्ने सांसद (विधायक) लाई विकासको भारी बोकाउने अहिलेको विकासको मोडालिटीलाई समेत परिवर्तन गर्नुपर्ने बताउनुभयो । 'संघदेखि स्थानीय तहसम्म योजना बैंकमार्फत् योजना छनोट र बजेट विनियोजन गर्न नसके भ्रष्टाचार नियन्त्रण हुँदैन', मन्त्री श्रेष्ठले भन्नुभयो- 'भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न सोपानक्रममा आधारित र प्रक्रियामुखी अहिलेको कर्मचारीतन्त्रलाई कार्यगत एकाइ प्रणालीमा बदल्नुपर्छ ।'

दलीय भागबण्डाको आधारमा गरिने सबै प्रकारका नियुक्ति, सरुवा, बढुवा गर्ने प्रथालाई अन्त्य गर्नुपर्ने मन्त्री श्रेष्ठले बताउनुभयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अधिकार सम्पन्न जनलोकपालमा रूपान्तरण गर्नुपर्ने उहाँको भनाइ छ । मन्त्री श्रेष्ठले आयोगलाई राजनीतिक दबाबबाट टाढा रहन र बेनामे उजुरीको आधारमा अनुसन्धानको गहिराईमा नपुगी निर्णय नगर्न सुझाव पनि दिनुभयो । आयोग विकास र समृद्धिको बाधक नबनि साधक हुनपर्ने उहाँको भनाइ छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका केन्द्रीय सहसचिव किशोर सिलवालको सभाध्यक्षता तथा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाका प्रमुख उमाकान्त आचार्यले हेटौंडाबाट भएको कार्यसम्पादन प्रस्तुत गर्नुभयो । कार्यक्रममा श्रम रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्साल, वन तथा वातावरण मन्त्री मसिना खड्का, खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री तीर्थ लामा, प्रदेश सरकारका प्रमुख सचिव घनश्याम भुसाल, प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, सुरक्षाकर्मी, कर्मचारीलगायतको उपस्थिति रहेको थियो ।

## घिमिरे मृत फेला

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका-६, आँपघाटमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा पाँचखाल नगरपालिका-२, अनेकोट घर भई हाल काठमाडौंको कागेश्वरी नगरपालिका-८, मलरा बस्ने ६२ वर्षीय विश्वनाथ घिमिरे रहेको प्रहरीले जानकारी दिएको छ ।

घिमिरे पुस १८ गतेदेखि हराएकामा उनको खोजी गर्ने क्रममा बुधबार दिउँसो ४ बजेको समयमा सुनकोशी नदीको बिच भागमा शव फेला परेको थियो । मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि धुलखेल अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

## रुखबाट लडेर प्रजाको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन राप्ती नगरपालिका-११, सूर्खण्डीमा रुखबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा १७ वर्षीया अञ्जली प्रजा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

प्रजा बुधबार घाँस काट्ने क्रममा घर नजिकै रहेको चिउरीको बोटबाट लडी घटनास्थलमा नै मृत्यु भएको थियो । अनुसन्धानको क्रममा प्रजा मृगी रोगीको बिरामी रहेको बुझिएको प्रहरीले जनाएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि भरतपुर सरकारी अस्पताल लगिएको छ ।

## दुर्गा प्रसाई हेटौंडा आउँदै

समाज संवाददाता

हेटौंडाः व्यवसायी एवम् अभियन्ता दुर्गा प्रसाई हेटौंडा आउनुहुने भएको छ । बिहीबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियान समूह मकवानपुरले प्रसाई हेटौंडा आउने जनाएको हो ।

प्रसाईले आगामी माघ ६ गते हेटौंडा-४ स्थित हुप्रचौरमा हुने सभालाई सम्बोधन गर्नु हुनेछ । सभामा बैंक र लघुवित्त पीडितहरुको पक्षमा केन्द्रित भएर प्रसाईले सम्बोधन गर्ने जनाइएको छ । सभामा मकवानपुर, चितवन, पर्सा, बारा र रौतहटबाट सहभागी आउने आयोजकको दाबी छ । पत्रकार सम्मेलनमा समूहका मकवानपुर जिल्ला अध्यक्ष भीमबहादुर राउत, चितवन जिल्ला अध्यक्ष नवीन रेग्मी, पर्सा जिल्ला अध्यक्ष राजेन्द्रबहादुर परियारलगायतको आतिथ्य रहेको थियो ।

## शैक्षिक विकासका लागि क्याम्पस र गाउँपालिकाबीच समझदारी

समाज संवाददाता

हेटौंडाः शैक्षिक विकासको लागि मकवानपुर बहुमुखी क्याम्पस र बागमती गाउँपालिकाबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । बिहीबार मकवानपुर बहुमुखी क्याम्पस हेटौंडा र बागमती गाउँपालिकाबीच २ बुँदे समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलान र सामाजिक विकास संयोजक कमान सिं पाखिनसहितको टोली र मकवानपुर बहुमुखी क्याम्पस प्रमुख डा. शंकरप्रसाद उपाध्याय, साहयक क्याम्पस प्रमुख डा. रामप्रसाद अधिकारी र प्राचार्य उत्तम आचार्यको टोलीबीच बागमती गाउँपालिकाको कार्यालयमा भेटवार्ता तथा छलफल भएको थियो । छलफलको क्रममा मकवानपुर जिल्ला तथा जिल्ला बाहिरको शैक्षिक उन्नयनमा थप सहयोग हुनेगरी यथासम्भव प्रयासरत रहने ध्येयले दुबै पक्षको आवश्यकता र क्षमता पहिचान गरी सहकार्य गर्ने उद्देश्यले समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाले क्याम्पसको स्वीकृत कार्यविधिभित्र रहेर मकवानपुर बहुमुखी क्याम्पस र बागमती गाउँपालिका मकवानपुरबीच भएको सहमतिलाई कार्यान्वयन गर्ने जनाएको छ । समझदारी पत्रमा उल्लेख छ- 'दुबै संस्थाले गुणस्तर वृद्धिका लागि आवश्यक सहयोगात्मक कार्यहरु गर्ने र सोका लागि आवश्यक पर्ने कार्यविधि निर्माण गर्ने, मकवानपुर बहुमुखी क्याम्पस र बागमती गाउँपालिकाबीच पालिकाको शैक्षिक गुणस्तर वृद्धिका लागि आवश्यक सीप, प्रविधि तथा अन्य सहयोग आदान प्रदान गर्ने छ ।' समझदारीपत्रमा मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख उपाध्याय र बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले हस्ताक्षर गर्नुभएको छ ।

## मकवानपुर गोल्डकप माघ १६ बाट

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले आयोजना गर्ने स्थानीय तह शहीद स्मृति मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता आगामी माघ १६ गतेबाट हुने भएको छ । छैटौं संस्करणको प्रतियोगिता हेटौंडा-१६ स्थित गौरीटार र गशालामा सञ्चालन गरिने भएको हो ।

मकवानपुर जिल्ला फुटबल संघको बैठकले प्रतियोगिता माघ १६ गतेबाट गौरीटार रंगशालामा गर्ने निर्णय गरेको हो । विगतमा हेटौंडा-५, पिप्लेस्थित पिप्ले क्याम्पा रंगशालामा आयोजना गरिँदै आएको प्रतियोगिता यस वर्ष गौरीटार रंगशालामा गर्ने भएको हो ।

मकवानपुर जिल्लाका स्थानीय तह तथा अन्य संघसंस्थाको सहयोगमा प्रतियोगिता आयोजना गरिनेछ । प्रतियोगिता सञ्चालनका लागि बागमती प्रदेश सरकार, बागमती प्रदेश खेलकुद विकास परिषद्बाट पनि सहयोग प्राप्त हुने आयोजकले जानकारी दिएको छ । प्रतियोगितामा मकवानपुरसहित करिब १२ वटा टिमको सहभागिता हुने अनुमान गरिएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ र उपविजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई पनि पुरस्कारको व्यवस्था गरिने भएको छ । गतवर्ष भएको प्रतियोगिताको उपाधि त्रिभुवन आर्मी क्लबले जितेको थियो । त्रिभुवनले घरेलु टोली विजय युथ क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै उपाधि जितेको थियो ।

# मकवानपुर सेमिफाइनलमा प्रवेश




*तुल्सीलाल स्मृती बुद्धिचाल प्रतियोगिताको सेमीफाइनलमा प्रवेश गर्ने मकवानपुरका टिम ।*

समाज संवाददाता

हेटौंडाः छैटौं तुल्सीलाल स्मृति राष्ट्रिय क्लब टिम च्याम्पियनसिप बुद्धिचाल प्रतियोगितामा सानदार जित दर्ता गर्दै मकवानपुर जिल्लाको टिम सेमिफाइनलमा प्रवेश गरेको छ । नेपाल बुद्धिचाल महासंघ र ललितपुर स्पोर्टस् क्लबको आयोजनामा ललितपुरमा जारी प्रतियोगिताको लिग चरणको खेलहरु सम्पन्न भएसँगै मकवानपुरको टोली सेमिफाइनल प्रवेश गरेको हो ।

मकवानुर जिल्ला बुद्धिचाल संघसँगै दोलखा चेस होम नेपाल, कोशी प्रदेश चेस संघ र भक्तपुर जिल्ला बुद्धिचाल संघ प्रतियोगिताको नकआउट चरणमा प्रवेश गर्न सफल भएको छ । बिहीबार सम्पन्न भएको लिग चरणको अन्तिम खेलमा रोमाञ्चक प्रतिस्पर्धा भएको थियो । उत्कृष्ट खेल प्रर्दशनी गरेको दोलखा चेस होम नेपालमाथि कोशी प्रदेशले सानदार जित निकालेको प्रतियोगितामा वर्तमान नेपाल च्याम्पियन एफएम रुपेश जैसवालले प्रकाशचन्द्र नेपाललाई पराजित गरेका थिए ।

सुश्रुत दाहाल र सविनचन्द्र घिमिरेबीचको खेल समानरुपमा सकिएको थियो । मुहान नर्सिङले मिसन दाहालसँग हार व्यर्होनुपरेको थियो । यस्तै, वर्तमान महिलातर्फको नेपाल च्याम्पियन डब्लुएफएम सुजना लोहनी कृतिसरा अधिकारीसँग स्तब्ध बनेकी थिइन् । जसले गर्दा कोशी प्रदेश दोलखा चेस होमसँगै नकआउट चरणमा प्रवेश गरेको हो ।

भक्तपुर चेस संघले थापाथली पार्क चेस क्लबमाथि २.५-१.५ को जित निकाल्दै नकआउट चरणमा प्रवेश गरेको थियो । पुरुषोत्तम सिलवाल र क्षितिज भण्डारीबिचको खेल बराबरीमा सम्पन्न भएको थियो । विक्रम चोकामीले सुशील चौधरीसँग हार्नुभयो भने स्वर्णिम दुवालले सेम सुब्बामाथि र अभिक शाहले अनुपजङ्ग शाहमाथि जित निकाल्नुभयो ।

मकवानपुर चेस र आयोजक ललितपुर स्पोर्टस् क्लबबिचको प्रतियोगिता बिजेटा टिम नकआउट चरणमा प्रवेश गर्ने थियो । उक्त खेलमा मकवानपुरका सीएम कृष्ण थापा, सिन्धेश्वर दास र अनुश्न गौतमसहित तीन खेलाडीले महत्वपूर्ण जित हात पारे । मकवानपुरका सुदेन टुइँटुइँ रिसोन थापासँग पराजित भए पनि टोलीलाई कुनै असर भएन ।

राष्ट्रियस्तरका उत्कृष्ट १९ क्लबको सहभागिता रहेको प्रतियोगिताको उपाधि विजेता टिमले २ लाख रुपैयाँ, उपविजेताले १ लाख २० हजार रुपैयाँ, तृतीय हुने टिमले ६० हजार रुपैयाँ र चौथो हुने टिमले ४० हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रत्येक बोर्डमा प्रथम हुने ४ जना खेलाडीहरुले जनही १० हजार रुपियाँ पुरस्कार प्राप्त गर्ने जिल्ला बुद्धिचाल संघ मकवानपुरका अध्यक्ष मनोज श्रेष्ठले जानकारी दिनुभयो । प्रतियोगिताअन्तर्गत् शुक्रबार सेमिफाइनल खेल र र शनिबार फाइनल खेल हुनेछ ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस
०५७-५२६८३०

Email:sambridhasamaj@gmail.com



समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## प्रदेश सरकारले गति बढाउनुपर्छ

देशमा संघीय शासन व्यवस्था सुरु भएको करिब ६ वर्ष भएको छ । संघीयता कार्यान्वयनपछिको दोस्रो आम निर्वाचन सम्पन्न भएको पनि एक वर्ष नाघिसकेको छ । यस बिचमा मुलुकका सातवटै प्रदेशमा धेरै सरकार परिवर्तन भएको छ । पछिल्लो निर्वाचनबाट बागमती प्रदेशमा सरकार गठन भएको पनि एक वर्ष पूरा भएको छ । आफ्नो सरकारले एक वर्ष पूरा गरेको अवसरमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले पत्रकार सम्मेलन गरेर सरकारले गरेको कामको जानकारी गराएका छन् । उनले परिणाम आउने गरी प्रदेश सरकारले काम गर्न बाँकी रहेको बताएका हुन् । प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा उल्लेख्य सुधार गरेको दावीसमेत गर्नुभएको छ । अस्पतालको जनरल वेडलाई निःशुल्क गर्नु, स्वास्थ्य कर्मचारी व्यवस्थापन गर्नुलाई स्वास्थ्यमा क्रान्ति गरेको मुख्यमन्त्री जम्कट्टेलको दावी छ । प्रदेशमा मन्त्रालयको संख्या १४ बाट १२ वटामा झारेको र आफू मुख्यमन्त्री भएपश्चात् चालु आर्थिक वर्षमा ३० प्रतिशत खर्च घटाउन सफल भएको मुख्यमन्त्री जम्कटेलले बताउनुभयो । प्रदेश सरकारले संगठन विस्तार गरी जिल्ला तहमै जनतालाई सेवा दिने काम गरेको उनको भनाइ छ ।

मुलुकको शासन व्यवस्थामा अहिले तीन तहको संरचनासहित संघीयता लागू भएको छ । संघीय र स्थानीय तहको संरचना पुरानै भए पनि प्रदेश तहको संरचना नयाँ बनाइएको हो । यो संरचना कार्यान्वयनमा आएको ६ वर्ष नाघिसकेको भए पनि अझै पूर्णता र स्थायित्व पाइसकेको छैन । प्रदेश सरकारका लागि आवश्यक सबै कानुन निर्माण अझसम्म हुन सकेको छैन । प्रदेशसभा र प्रदेश सरकारका लागि आवश्यक प्रशासनिक संरचनाहरु समेत निर्माण हुन सकेको छैन । अहिलेसम्म पनि संघीय सरकारकै विभिन्न कार्यालयको संरचनाबाटै प्रदेश सरकारका मन्त्रालय तथा अन्य कार्यालयहरु सञ्चालन भइरहेका छन् । हेटौंडामा रहेका तत्कालीन क्षेत्रीय तथा जिल्लास्तरका केही सरकारी कार्यालयमा प्रदेशका मन्त्रालय तथा अन्य कार्यालयहरु राखिएका छन् । एउटै भवनमा प्रदेशका ३-४ वटा मन्त्रालय रहेका छन् । संघीय सरकारको संरचनाबाट पनि अपुग भएका प्रदेशका निकायहरु भाडाको घरमा समेत राखिएका छन् ।

प्रदेश सरकारको एक वर्षको उपलब्धी सार्वजनिक गर्दै मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकारले जनअपेक्षाअनुसार काम गरेको दावी गरे पनि प्रदेशबाट आम नागरिकले अपेक्षा गरेअनुसारको फाइदा प्राप्त गर्न सकेका छैनन् । अधिकारसम्पन्न स्थानीय सरकार रहेको र प्रदेश सरकारले प्रभावकारी काम गर्न नसकिरहेको अवस्थामा आम नागरिकले प्रदेश सरकारबाट खासै लाभ लिन सकेको पाइँदैन । विगतमा संघीय सरकारले गर्दै आएका कतिपय कामहरु प्रदेश सरकारले गर्न थालेको भए पनि प्रदेश सरकारको काम कारबाही र सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । प्रदेश सरकारले बनाएका अधिकांश ऐन, नियम, नीति, कार्यविधि आदि प्रभावकारी हुन सकेको छैन । आवश्यक सबै नीति नियम बनाउन नसकेको मात्र होइन, प्रदेश सरकारले बनाएको नीति नियमहरु चाँडो चाँडो संशोधन भइरहेका छन् । यसले प्रदेश सरकारले प्रवाह गर्ने सेवा र सम्पादन गर्ने कार्यक्रममा नकारात्मक प्रभाव परिरहेको छ ।

संघीयतामा नयाँ प्रयोगको रुपमा व्यवस्था गरिएको प्रदेश तहको संरचना व्यवस्थापन नभएका कारण सुरुका एक-दुई वर्ष प्रदेश सरकारले काम गर्न नसकेको भए पनि अहिले त्यस्तो समस्या छैन । सुरुवातमा आवश्यक भौतिक संरचना, जनशक्ति, कानुन तथा अनुभवको कमीका कारण प्रदेश स रकारले गति लिन नसक्नुलाई स्वभाविक मानिए पनि यति लामो समयसम्म पनि प्रदेश सरकारको गति सुस्त हुनुलाई स्वभाविक मान्न सकिन्न । हरेक वर्ष प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । प्रदेश सरकारले स्थानीय सरकारले भन्दा पनि खुद्रा योजना कार्यान्वयन गरेर बजेट छर्ने गलत परिपाटीलाई प्रोत्साहित गरिरहेको छ । सरकारले घोषणा गरेका अधिकांश नीति तथा कार्यक्रम घोषणामा नै सिमित बनिरहेका छन् । उपलब्ध साधन, स्रोतको उच्चतम प्रयोग गर्दै दीर्घकालीन नीतिका उपयुक्त योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै प्रदेश सरकारको गतिलाई बढाउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

**मेष** : आकस्मिक रुपमा हानी बेहोर्नु पर्ला ।
**वृष** : सामाजिक र धार्मिक कामबाट लाभ प्राप्त ।
**मिथुन** : विवादमा रुमल्लिए पनि विजय प्राप्त होला ।
**कर्कट** : चुनौति र समस्या चिर्दै अगाडि बढिने छ ।
**सिंह** : रिस र आवेगले काममा बाधा होला ।
**कन्या** : तर्क वितर्कका कामबाट लाभ प्राप्त हुनेछ ।
**तुला** : सामाजिक अनि साहित्यिक काममा सरिक ।
**वृश्चिक** : बुद्धि खियाएर गरिने कामबाट लाभ प्राप्त ।
**धनु** : मिहिनेतले लक्ष्य प्राप्ति हुने समयको योग छ ।
**मकर** : धार्मिक काममा सरिक भइने समयको योग छ ।
**कुम्भ** : सामाजिक र साहित्यिक काममा सरिक भइने समयको योग छ ।
**मीन** : मित्र र सहयोगीले सहयोग गर्ने समयको योग रहेको छ ।

# राष्ट्रिय सभाबाट सुरु गरौं शासन पद्धतिमा सुधार

**विधायक मात्रै मन्त्री बन्ने व्यवस्था रहेको कारण सांसद र नागरिक दुवै विधायकी भूमिकाप्रति अन्योलमा परे । यसबाट पार पाउन गैरसांसदलाई मात्रै मन्त्री बनाउने र विधायकलाई पूर्ण रूपमा कानुन निर्माणको कार्यमा मात्रै ध्यान केन्द्रित र जिम्मेवार बनाउन आवश्यक छ ।**



✍ **मेखराज उदय**

सन् १९५० को दशकमा भारतीय संसद्मा इतिहास निर्माता महान् व्यक्तिहरूको उपस्थिति मात्रै थिएन, स्मरणीय तथा ऐतिहासिक कामहरू समेत भए । डा. राजेन्द्रप्रसाद, डा. भीमराव अम्बेडकर, डा. राममनोहर लोहिया आदि थिए । उनीहरूका योगदानका कारण विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक मुलुकको रूपमा भारतलाई स्थापित गर्न महत्वपूर्ण योगदान पुग्यो ।

त्यतिबेला भारतका प्रधानमन्त्री थिए, पं. जवाहरलाल नेहरू । प्रधानमन्त्री नेहरू एकपटक संसद्मा आफ्नो सरकारले हासिल गरेको आर्थिक उपलब्धि प्रस्तुत गर्दैथिए, आचार्य डा. राममनोहर लोहिया उठे र प्रश्न गरे, 'पण्डितजी, हाम्रो देशको सबभन्दा गरिबको एक दिनको कमाइ कति छ ?'

जवाफमा नेहरुले भने, 'त्यो त निकालिएको छैन ।'

लोहिया बोले, 'निकाल्नुस् ।'

प्रधानमन्त्री नेहरूले राज्य संयन्त्र प्रयोग गरी तीन महिना लगाएर परिणाम निकाले । परिणाम आयो, भारतको सबभन्दा गरिब व्यक्तिको एक दिनको कमाइ जम्मा अढाइ आना । अंग्रेजले भारत छाड्ने समयमा एक गरिबको एक दिनको कमाइ थियो- ५ आना ।

लोहियाले भने, 'पण्डितजी तपाईंको सरकारले गरिबी घटाएको छैन, बरु बढाएको छ । धनी झन् धनी र गरिब झन् निरीह बन्दै गएका छन् ।' लोहियाको तर्क सुनेर प्रधानमन्त्री नेहरु नाजवाफ रहे ।

१९४७ अगस्ट १५ मा भारत स्वतन्त्र भएपछि नेहरु १६ वर्षसम्म निरन्तर प्रधानमन्त्री पदमा रहे । समाजवादी राजनेता लोहियाको जन्म सन् १९१० मा भारतको उत्तरप्रदेश हालको अम्बेडकर नगर जनपदमा भएको थियो । उनी चाहन्थे, विश्वका समाजवादीहरूको एउटै मञ्च बनोस् । उनी गैर कंग्रेसवादका शिल्पी थिए । भारतमा स्वतन्त्रता प्राप्ति पश्चात् लामो समयसम्म कंग्रेस सत्तामा रहँदा अधिनायकवादी बनेको उनको ठम्याइ थियो । अवस्था त्यस्तै थियो पनि ।

हालका नेपाल समेत भारत, चीन लगायतका पूँजीवादी मुलुकहरूको साझा र मूल समस्या नै यही हो । धनी व्यक्ति झन-झन् सम्पन्न र गरिब झनै निमुखा बन्दै गइरहेका छन् । यो कमजोरी सच्याएर जान नसक्नु पूँजीवादी देशहरुको प्रधान कमजोरी वा समस्या हो । चीन पनि कसरी पूँजीवादी भन्ने प्रश्न उठ्न सक्छ । हालको चीनलाई माओकालीन चीनकै रूपमा नसम्झिन आग्रह गर्नु बाहेक थप शब्द खर्च गरिरहन जरूरी नहोला ।

### समानुपातिक पद्धतिको दुरूपयोग

हाम्रो मुलुकको संसद् दुई सदनात्मक छ । संसदीय लोकतन्त्र हाम्रो शासन पद्धतिको मुख्य आधार हो । हुनत संसद्को नाम सुन्न नसक्ने गैरसंसद्वादी कथित कमरेडहरुको संसद् र सरकारमा समेत उल्लेख्य उपस्थिति छ । संसद् बाहिर पनि यदाकदा संसदीय व्यवस्था विरोधी स्वर अझै सुनिन्छ नै ।

२०५२ साल फागुन १ गतेदेखि माओवादीले सुरुवात गरेको सशस्त्र विद्रोह नै संसदीय व्यवस्था र संसद्वादी शक्ति विरुद्धको थियो । कांग्रेस, एमाले आदि संसद्वादी दलका स्थानीय नेता, कार्यकर्ता माओवादीको निशानामा पर्नु तर दरबारिया, राजावादी उनीहरूको हिंसाको शिकार नबन्नु केवल संयोग मान्न सकिंदैन । र, अर्को तथ्य तत्कालीन विद्रोही माओवादीभित्र पनि संस्थापनको वार्ता र सहकार्यको पहिलो प्राथमिकतामा संसद्वादी दलहरु होइन, राजा र दरबारिया थिए ।

माओवादी र दरबारबीच वार्ता र शक्ति सहकार्य विविध स्वार्थ र कमजोरीका कारणले सफल बन्न नसक्दा बाध्यकारी अवस्थामा मात्रै कांग्रेस, एमाले आदि संसद्वादी दलहरूसँग वार्ता, सहकार्य र सम्झौता गर्न माओवादी तयार भएका हुन् । यी दुई आधार पर्याप्त छन्, माओवादी युद्धको राजनीति कसका विरुद्ध थियो भनी बुझ्न । बुझ्नैपर्ने तथ्य यो पनि छ, राजतन्त्र समेत जहिल्यै संसद्को विपक्षमा थियो ।

उदाहरणका लागि संसद् र राजाबीचको द्वन्द्वका कारण २०१७ सालमा पञ्चायतको जन्म गराइयो । पछिल्लो ज्ञानेन्द्र शाहको असंवैधानिक कदम पनि संसद्माथिको आक्रमणबाट सुरु गरेका थिए ।

नेपालको संसद् (राष्ट्रिय सभा र प्रतिनिधिसभा) दुवै समावेशी सिद्धान्तमा आधारित भई गठन गरिने संवैधानिक व्यवस्था छ । तल्लो सदन भनिने प्रतिनिधिसभा दुई विधिद्वारा गठन हुन्छ । १६५ निर्वाचन क्षेत्रमा पहिलो हुने निर्वाचित हुने व्यवस्था बमोजिम प्रत्येक निर्वाचन क्षेत्रबाट एक/एक जना गरी १६५ जना विधायक निर्वाचित हुन्छन् । बाँकी ११० जना दलले प्राप्त गरेको कुल मतको आधारमा समावेशी सिद्धान्त (क्लस्टर)को आधारमा विधायक निर्वाचित हुन्छन् । यस विधि अनुसार आर्य–खस, आदिवासी जनजाति, दलित आदि समुदायका ५०/५० प्रतिशत महिला/पुरुष छानिन्छिन् । यो समावेशिताको व्यवस्था र विधि हो ।

समानुपातिक पद्धतिको व्यापक दुरुपयोग भएका यथेष्ट घटना छन् । पहिलो कुरा, विश्वमा कहींकतै नभएको शासक जातिलाई समेत कोटा वा आरक्षण छुट्याइनु अस्वाभाविक हो । कोटा लिएकाको दलितमाथि विभेद गर्न पाउनुपर्ने कुतर्क सुनिन्छ । व्यवहार हेर्दा भने कोटा वा आरक्षण व्यवस्थाको भरपुर फाइदा लिने मात्रै होइन, शक्ति र नेताको आडमा दुरुपयोग गर्ने समेत आर्य-खस समुदाय नै बढी छन् ।

वर्तमान सरकारका अर्थमन्त्री डा. प्रकाशशरण महत यही कोटाबाट विधायक बनेका हुन् । नक्कली शरणार्थी प्रकरणमा दोषी देखिएको र अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा मोटो रकम धरौटी बुझाएर भरखरै छुटेका कांग्रेस नेता बालकृष्ण खाँण अघिल्लो संसद्मा समानुपातिक कोटाबाट सांसद भई गृहमन्त्री बनेका थिए । यसपटक उनकी श्रीमती आर्य-खस महिला कोटाबाट प्रतिनिधिसभा सदस्य छिन् ।

पाँच पटक देशको प्रधानमन्त्री भइसकेका र दुई पटक नेपाली कांग्रेसका सभापति रहेका शेरबहादुर देउवा पत्नी डा. आरजु राणा समेत आर्य खस कोटामा सांसद तथा महिला कोटामा पार्टी केन्द्रीय सदस्य छिन् । एमालेका रघुजी पन्त, माओवादीका हितराज पाण्डे लगायत सो समुदायका धेरै जना प्रभावशाली नेताहरु समानुपातिक कोटाबाट विधायक बनेका छन् ।

दोस्रो संविधानसभा गठनको बखत माओवादीका हालका महासचिव देव गुरुङ पत्नी खस-आर्य महिला भएकाले समानुपातिकमा जनजाति कोटाबाट सम्भव भए श्रीमान्को थरबाट र खस आर्य कोटाबाट सम्भव भए माइतीको थरबाट संविधानसभा सदस्य बन्ने गज्जबको प्रयास देखिन्थ्यो । जे होस् उनी विधायक भएर छाडिन् । अघिल्लो पटक लुम्बिनी प्रदेश मुख्यमन्त्री एमाले महासचिव शंकर पोखरेल बन्दा उनकी श्रीमती समानुपातिक कोटाबाट प्रतिनिधिसभा सदस्य बनिन् ।

सुनसरीबाट प्रत्यक्ष चुनाव जितेर हाल शिक्षा मन्त्री रहेका जसपा नेता अशोक राईकी श्रीमती समानुपातिकबाट सांसद बन्नै पर्ने ? यो कोटा कुनै दलित महिलालाई दिंदा हुँदैनथ्यो ? आर्य-खस समुदायका लागि दिइएका कोटा शक्तिशाली नेता, तिनका श्रीमती आदिलाई दिंदा समानुपातिक व्यवस्थाको बदनाम भएको छ । व्यवस्था नै कुरुप देखिने गरी शक्तिशालीको भागबन्डा गर्नु भन्दा दूरदराजका, प्रत्यक्ष चुनाव लड्न हैसियत नभएका, कहिल्यै अवसर नपाएका खस-आर्य समुदायका व्यक्तिलाई अवसर दिनु उपयुक्त हुन्छ ।

प्रत्यक्षतर्फ दलितलाई शून्य उम्मेदवारी दिएको मुलुकको सबैभन्दा ठूलो र आफूलाई लोकतान्त्रिक दल ठान्ने कांग्रेसबाट सहमहामन्त्री जीवन परियार, केन्द्रीय सदस्य सीता मिजार पनि समानुपातिक कोटाबाट विधायक बनेका छन् ।

विख्यात नेता तथा तत्कालीन सभापति बीपी कोइरालाले २००९ साल जेठमा सम्पन्न नेपाली कांग्रेसको पाँचौं महाधिवेशनबाट धनमानसिं परियारलाई महामन्त्री बनाएपश्चात् कांग्रेसको पदाधिकारीमा पुग्ने जीवन परियार नै दोस्रो व्यक्ति हुन् । उनी दलको गुट बैठकहरूमा सक्रिय देखिन्छन् तथापि आफ्नो समुदायको हित र सरोकारमा संसद्मा केही क्षण समेत बोलेको, कुरा उठाएको, संघर्ष गरेको देख्न र सुन्न पाइँदैन ।

सोही कोटाबाट संसद्मा पुगेका आर्य-खस समुदायका समानुपातिक विधायकहरू गृहमन्त्री, अर्थमन्त्री, अन्य शक्तिशाली मन्त्री बन्ने हिम्मत राख्छन् भने उत्पीडित समुदायका सांसदको भूमिकाविहीन उपस्थिति देखिन्छ । त्यस्तै चर्चित दलित नेता रणेन्द्र बराइली माओवादीको कोटामा सांसद बने । उनको भूमिका पनि उल्लेखनीय छैन । एमालेका सचिव समेत रहेका छविलाल विश्वकर्मा दलित समुदायबाट प्रत्यक्ष निर्वाचित बनेका एक मात्रै सांसद हुन् । उनले संसद्मा दलित समुदायको अधिकारका निम्ति बोलेको हालसम्म ज्ञात छैन ।

यी बाहेक संसद्मा अन्य पनि दलित सांसद छन् । संविधानले दलित समुदायका लागि व्यवस्था गरेका जमिन, आवासको हक, सार्वजनिक क्षेत्र वा स्थानमा मात्रै होइन निजी क्षेत्रमा समेत जातीय विभेद गर्न नपाइने संवैधानिक हक, थर परिवर्तन गर्न पाइने व्यवस्था लगायत धेरै कानुन बनाउनुपर्नेछ । सरकार, संसदको अनिच्छा र बेवास्ताका कारण कुनै कानुन बन्न सकेका छैनन् ।

समुदायको कोटामा सांसद बनेकाहरुले यी सम्बन्धित सरोकारमा के कति प्रगति के भइरहेका छन् ? यथोचित जवाफ दिने जिम्मेवारी र दायित्व बहन गर्न नसकेको देखिन्छ । समुदायले उनीहरुसँग प्रश्न गर्न अब ढिला गर्नुहुँदैन ।

बदनाम बनाइएको समानुपातिक कोटा प्रणालीमा अब परिवर्तन गर्नु जरुरी छ । प्रत्यक्ष निर्वाचन क्षेत्र विस्तार गरी पूर्ण प्रत्यक्ष विजयी गरिने व्यवस्था गर्न सकिन्छ । त्यसो गर्दा समुदायगत आरक्षित क्षेत्र निर्धारण गरी सम्बन्धित समुदायबीच प्रतिस्पर्धा गराउन सकिन्छ । जुन उम्मेदवार विजयी भए पनि उही समुदायको उम्मेदवार विजयी हुनेछन् ।

जस्तैः दलित समुदायको जनसंख्या १४ प्रतिशत छ । कुल निर्वाचन क्षेत्रको उक्त १४ प्रतिशत उम्मेदवार दलित समुदायबाट मात्रै दिने । जसका कारण दलितको दलितसँग मात्रै, महिला महिलाबीच, आदिवासी जनजाति, आदिवासी जनजातिबीच, आर्य-खस बीच प्रतिस्पर्धा हुन्छ । यसरी संसद्मा पूर्ण समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्न सकिन्छ । अर्को विकल्प सिङ्गो देशलाई एउटा निर्वाचन क्षेत्र मानेर कुल खसेको मतलाई समुदायगत जनसंख्याको आधारमा सांसद बनाउन सकिन्छ । यसरी पनि पूर्ण समानुपातिक समावेशी व्यवस्था गर्न सकिन्छ । यो व्यवस्थाको सबल पक्ष के पनि छ भने, यसमा मतदाताको शतप्रतिशत मत प्रयोग हुन्छ, अर्थात् कुनै पनि मत खेर जाँदैन ।

### राष्ट्रिय सभा यस्तो बनाऔं

राष्ट्रिय सभा निरन्तर रहने अर्थात् कहिल्यै खाली नरहने संसद् हो । हाल कांग्रेस नेता कृष्णप्रसाद सिटौला लगायत दलका प्रभावशाली तथा प्रतिनिधिसभामा चुनाव हारेका नेतालाई दलहरुले उम्मेदवार बनाएका कारण उक्त सभाको औचित्यमाथि नै प्रश्न उठाउन थालिएको छ । सिटौला मात्रै होइन अघिल्लो पटक गोरखाबाट चुनाव हारेका माओवादी नेता नारायणकाजी श्रेष्ठ राष्ट्रिय सभा सदस्य हुँदै हाल उपप्रधानमन्त्री तथा गृहमन्त्री छन् ।

त्यस्तै प्रतिनिधिसभामा हारेका वामदेव गौतम राष्ट्रिय सभामै छन् । यसरी हारेका, अन्य पदहरूमा व्यवस्थापन गर्न नसकिएका जगेडा नेता व्यवस्थापनमा राष्ट्रिय सभाको दुरुपयोग गर्ने हो भने यसलाई हटाइदिनु उपयुक्त हुन्छ । अन्यथा संसदीय व्यवस्थाका विज्ञ, पिछडिएको समुदाय, क्षेत्र, लिंग र अवसर नपाएका तथा वञ्चित समुदायको सम्मानित सभा बनाउनेतर्फ ध्यान पुऱ्याउनु जरूरी छ । जनप्रतिनिधिसभा जनताको हितमा प्र्रयोग गरिनुपर्दछ । लोकतन्त्रमा जनताको हित नै सर्वोपरि हो ।

हालको व्यवस्था बमोजिम प्रधानमन्त्री बन्न प्रतिनिधिसभा सदस्य हुनु अनिवार्य छ । विधायक मात्रै मन्त्री बन्ने व्यवस्था रहेको कारण सांसद र नागरिक दुवै विधायकी भूमिकाप्रति अन्योलमा परे । चुनाव जित्न बाटो, खानेपानी, ढल निर्माणको आश्वासन दिनै पर्ने बाध्यता छ । आफ्नो क्षेत्रको काम गर्न, स-साना योजना र बजेटका लागि सांसद मन्त्रालय धाउन विवश छन् ।

त्यस्तो अवस्थाबाट पार पाउन गैरसांसदलाई मात्रै मन्त्री बनाउने र विधायकलाई पूर्ण रूपमा कानुन निर्माणको कार्यमा मात्रै ध्यान केन्द्रित र जिम्मेवार बनाउन आवश्यक छ । यसरी संविधानको संशोधन मार्फत यी व्यवस्था मिलाउन सकिन्छ । अन्य समेत केही महत्वपूर्ण सवाल छन् तर ती व्यवस्था मिलाउन कानुनको निर्माण तथा केही ऐन संशोधन गरे पुग्छन् । यतातर्फ संसद्, सरकार र प्रमुख दल जिम्मेवार बन्न जरूरी छ ।

*(स्रोतः अनलाईनखबर)*

# विद्यार्थीलाई न्यानो कपडा वितरण



न्यानो कपडा वितरणपछि सामुहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया–८ स्थित जनजागृति माविका विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको छ। बिहीबार एक कार्यक्रमका बीच इस्थर बेन्जामिन संस्थाले १५ जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको विद्यालयका प्रधानाध्यापक पेम्बा लामाले बताउनुभयो ।

संस्थाले विद्यालयमा अध्ययनरत अभिभावकविहीन तथा विपन्न विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेको हो । संस्थाले यसअघि पनि उक्त १५ जना विद्यार्थीलाई एक वर्षभरी पुग्ने शैक्षिक सामग्री वितरण गरेको प्रधानाध्यापक लामाले बताउनुभयो । संस्थाले उक्त १५ जना विद्यार्थीहरुलाई कक्षा १२ सम्म शैक्षिक सामग्री र कपडा वितरण गर्ने उहाँले बताउनुभयो ।

विद्यालयमा अझै पनि न्यानो कपडा लगाउनसमेत कठिन विद्यार्थीहरु धेरै संख्यामा रहेको उहाँले बताउनुभयो । विद्यालयमा अझै २ सय जनाभन्दा बढी विद्यार्थीहरुलाई न्यानो कपडा आवश्यकता देखिएको प्रधानाध्यापक लामाले बताउनुभयो ।

कक्षा १० सम्म पठनपाठन हुने विद्यालयमा अहिले ३ सय १० जना विद्यार्थी अध्ययनरत रहेको उहाँले बताउनुभयो । संस्थाले यसअघि विद्यालयमा पुस्तकालय निर्माण गरेको थियो। संस्थाले विद्यालयको संरचना निर्माण र विद्यार्थीहरुलाई सहयोग गर्दै आएको छ । न्यानो कपडा वितरण कार्यक्रममा संस्थाकी शिक्षा परियोजना शाखा प्रमुख सविना ओली र अवलोकन तथा मूल्याङ्कन समितिका प्रमुख सानुकान्छा घलानलगायतको आतिथ्य रहेको थियो ।

# विद्यार्थीलाई खाद्यान्न सहयोग



विद्यार्थीलाई खाद्यान्न वितरण गरिँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मनहरी गाउँपालिका–३, सिद्धकालीस्थित प्रजा आधारभूत विद्यालयका २७ जना विद्यार्थीलाई खाद्यान्न सामग्री वितरण गरिएको छ। सीमान्तकृत समुदायको शिक्षा तथा नेतृत्व विकास कार्यक्रमअन्तर्गत् हिमराइट्स मकवानपुरले बिहीबार विद्यालयका २७ जना विद्यार्थीलाई २५ सय बराबरको खाद्यान्न सामग्री वितरण गरेको विद्यालयका प्रध्यानाध्यापक तुलबहादुर सुनारले जानकारी दिनुभएको छ ।

हिमराइट्स मकवानपुरले खाद्यान्न सामग्रीमा एक बोरा चामल, तेल, लुगा धुने साबुन, भाँडा माझ्ने साबुन, दाल गरी २७ जना विद्यार्थीहरुलाई वितरण गरेको हो। हिमराइट्स मकवानपुरले २०७४ सालदेखि निरन्तर वर्षको दुईपटक २७ जना बालबालिकालाई खाद्यान्न सामग्री सहयोग गर्दै आएको छ ।

खाद्यान्न वितरण कार्यक्रममा मनहरी–३ का वडा अध्यक्ष हीराबहादुर प्रजाको सभाध्यक्षता तथा विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजेन्द्र चेपाङ र विद्यालयका प्रधानाध्यापक सुनारको प्रमुख आतिथ्य थियो । खाद्यान्न वितरण कार्यक्रममा हिमराइट्स नेपालका कार्यक्रम संयोजक कुमारी वाइबाको उपस्थिति थियो । विद्यालयमा हाल ३ सय ३२ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।


# मकवानपुर बाल विद्या सदन

हेटौंडा–१८, खड्कुले

## पृथ्वीनारायण शाह



आफै होमिने युद्ध मैदानमा
कमै छन् राजा यो संसारमा
वीरता र उपदेश एकनास तिम्रा
त्यसैले त तिमी छौ महानमा

तोड्दैमा तिम्रा ति ढुंगे मूर्ति
मेटिन्न तिम्रा साहसका कीर्ति
रहनेछौ सदा नेपाली मनमा
रहुन्जेल जगमा नेपाल धर्ती

## हार्दिक शुभकामना

३०२औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।


# पाठेघरको मुखको जाँच गर्दा ७ जनामा समस्या

समाज संवाददाता

हेटौंडाः कैलाश गाउँपालिका–२ स्थित बैकुण्ठमा भएको निःशुल्क पाठेघरको मुखको जाँचमा ७ जनामा समस्या देखिएको छ । कैलाश गाउँपालिकाको स्वास्थ्य शाखाले आयोजना गरेको कार्यक्रममा ७ जनामा समस्या देखिएको कैलाश गाउँपालिका स्वास्थ्य शाखा प्रमुख जगरनाथ शाहले जानकारी दिनुभयो ।

शिविरमा ३८ जनाको सहभागिता रहेको थियो । बुधबार भएको कार्यक्रममा पालिकाले ६० जनाको जाँच गर्ने लक्ष्य लिएको शाहले बताउनुभयो । शाहका अनुसार कैलाश गाउँपालिकाले पालिकाका महिलाहरुको उपचारमा सहयोग होस् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको हो ।

पाठेघरको जाँच गर्दा अरु महिलामा सामान्य समस्या देखिएको छ । पालिकाले आवश्यक भएको महिलाहरुलाई निःशुल्क औषधीसमेत वितरण गरेको शाहले बताउनुभयो ।

कैलाश गाउँपालिकाका महिलाहरुलाई पाठेघरको मुखको जाँच पालिकाकै स्टाफ नर्स कञ्चनकुमारी महतोले गर्नुभएको हो । शिविरमा पाठेघरको मुखको भीआईए स्क्रिनिङ पनि भएको थियो ।





सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७


## वडावासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको संविधान भाग–३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन, २०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन, सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।

**दीपक खड्का**
**वडा अध्यक्ष तथा**
**१४ नम्बर वडा कार्यालय परिवार**
**हेटौंडा उपमहानगरपालिका**

## हेटौंडा उपमहानगरपालिका
## १७ नम्बर वडा कार्यालय

हटिया, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

### कृषकहरु लाई बाख्रा, टनेल प्लाष्टिक र मल्चिङ प्लाष्टिक बितरण गर्ने सम्बन्धि सूचना

*सूचना प्रकाशित मितिः २०७९/०४/१३ गते*

हेटौंडा उपमहानगरपालिका १७ नं. वडा कार्यालय हटियाको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरु कृषि तथा पशुपालन अनुदान वितरण कार्यविधि, २०७९ बमोजिम संचालन गर्नु पर्ने भएकोले यस १७ नं. वडा भित्रका ईच्छुक कृषक, कृषक समुह, कृषक सहकारी, निवि फार्महरुले प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८०/१०/११) भित्र आवश्यक कागजात सहित यस वडा कार्यालयमा आवेदन/प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि.न. | कार्यक्रमको नाम | कुल बजेट | अन्य |
|---|---|---|---|
| १. | टनेल प्लाष्टिक बितरण | ५,००,०००/- | |
| २. | बाख्रा वितरण | १०,००,०००/- | |
| ३. | मल्चिङ प्लासिटक वितरण | ७,००,०००/- | |

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. निवेदन
२. पशु सेवा शाखाको सिफारिस पत्र
३. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
४. कृषक समूहको हकमा दर्ता प्रमाणपत्र र निर्णयको प्रतिलिपि
५. निजि कृषि फर्मको हकमा प्रमाणपत्रको प्रतिलिपि

**उद्धव सत्याल**
**वडा अध्यक्ष**

### बकैयास्तरीय फुटबल प्रतियोगिता

# जुनियरतर्फ वडा नम्बर ११ फाइनल प्रवेश

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बकैया गाउँपालिकामा जारी पाँचौं संस्करणको पालिकास्तरीय फुटबल प्रतियोगिताअन्तर्गत् जुनियरतर्फको खेलमा वडा नम्बर ११ फाइनलमा प्रवेश गरेको छ । बिहीबार बकैया-३ स्थित हात्तीसुँडेमा भएको पहिलो सेमिफाइनल खेलमा वडा नम्बर १२ लाई २-१ गोलले हराउँदै वडा नम्बर ११ फाइनलमा प्रवेश गरेको पालिकाका खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङले बताउनुभयो ।

वडा नम्बर ११ को जितमा निखिल घलान र निश्चल लामाले एक-एक गोल गरे । यस्तै १२ नम्बर वडाका लागि सुजन घलेले एक गोल फर्काए पनि टोलीलाई हारबाट जोगाउन भने सकेनन् । खेलको म्यान अफ द म्याच ११ नम्बरका हीरालाल घलान घोषित भए । फाइनल प्रवेश गरेसँगै ११ नम्बरले उपाधिका लागि वडा नम्बर १ र १० बीचको विजेतासँग खेल्नेछ । वडा नम्बर १ र १० बीचको दोस्रो सेमिफाइनल खेल शुक्रबार हुनेछ ।

प्रतियोगिताअन्तर्गत् सिनियरतर्फको सेमिफाइनल समीकरण पूरा भएको छ । बिहीबार भएको खेलमा ९ नम्बर वडाले ८ नम्बरलाई हराएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो ।

८ नम्बर वडालाई ट्राइब्रेकरमा ४-३ गोलले हराउँदै ९ नम्बर सेमिफाइनल प्रवेश गरेको छ । खेलको म्यान अफ द म्याच ९ नम्बरका गोलरक्षक रोशन बाइबा घोषित भए । सेमिफाइनल प्रवेश गरेको ९ नम्बरले फाइनल प्रवेशका लागि शनिबार ३ नम्बर वडासँग प्रतिस्पर्धा गर्नेछ ।

शुक्रबार फाइनल प्रवेशका लागि सिनियरतर्फ वडा नम्बर ४ र ५ बीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको उपाधि विजेता सिनियर र जुनियर टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगितामा सिनियरतर्फ ७ टिम र जुनियरतर्फ ५ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल आइतबार हुनेछ । प्रतियोगिताअन्तर्गत् पालिकाका कर्मचारी र जनप्रतिनिधिबीच मैत्रीपूर्ण खेल हुने अध्यक्ष थिङले बताउनुभयो । गत संस्करणमा भएको मैत्रीपूर्ण खेलमा कर्मचारीको टिम विजयी भएको थियो ।

# रनिङ शिल्ड शिक्षक भलिबल हुँदै

समाज संवाददाता

हेटौँडाः मकवानपुरको थाहा नगरपालिकामा यही माघ ४ गतेदेखि जिल्लास्तरीय रनिङ शिल्ड शिक्षक भलिबल प्रतियोगिता आयोजना गरिने भएको छ । नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुर तथा नाटेश्वर माध्यमिक विद्यालयको आयोजनामा प्रतियोगिता गरिने भएको हो ।

प्रतियोगितामा सहभागिता हुन मकवानपुर जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक हुनुपर्ने रेडक्रस सोसाइटी जिल्ला शाखाका उपमन्त्री शिवहरि दहालले जानकारी दिनुभएको छ । प्रतियोगितामा मकवानपुर जिल्लाका संस्थात तथा सामुदायिक विद्यालयले सहभागी जनाउन पाउनेछन् ।

प्रतियोगिता आयोजनाका लागि टिम इन्ट्री, विभिन्न सहयोगी दाता र रेडक्रसको विभिन्न शाखाबाट बजेट प्राप्त हुने उपमन्त्री दहालले बताउनुभयो । नकआउट चरणमा हुने प्रतियोगितामा प्रत्येक विद्यालयबाट १० जना शिक्षकहरूले सहभागी जनाउन पाउने दहालले बताउनुभयो । उहाँका अनुसार खेलाडी शिक्षकको नियुक्तिपत्रको प्रतिलिपि अनिवार्यरुपमा समावेश गरिएको हुनुपर्नेछ ।

यस्तै, निजी श्रोतको शिक्षकको हकमा कम्तिमा १ शैक्षिक सत्र अध्यापन गर एको हुनुपर्नेछ । सम्बन्धित विद्यालयमा अध्यापनरत शिक्षकबाहेक अन्यलाई सहभागी गराउन पाइनेछैन । विद्यालयको पत्रमा टिम क्याप्टेनको नाम र नम्बर उल्लेख हुनुपर्ने उहाँको भनाइ छ ।

प्रतियोगिता आयोजनाका लागि करिब ५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । प्रतियोगितामा सहभागी हुने शिक्षकहरुका लागि खाना र बासस्थानको व्यवस्था आयोजक विद्यालयबाट हुने बताइएको छ । यस वर्षको प्रतियोगिताको पुरस्कार राशि गतवर्षको तुलनाका वृद्धि भएको उपमन्त्री दहालले बताउनुभयो । राष्ट्रको लागि खेलकुद स्वास्थ्यको लागि खेलकुद भन्ने नारालाई सार्थक बनाएर सोसाइटीले हरेक वर्ष जिल्लास्तरीय प्रतियोगिताको आयोजना गर्दै आएको छ । प्रतियोगिताको फाइनल खेल माघ ६ गते हुनेछ ।

प्रतियोगिताको उपाधि विजेता टिमले २५ हजार रुपैयाँ, उपविजेता टिमले १५ हजार रुपैयाँ र सान्त्वना हुने टिमले ५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिता अवधिभरको उत्कृष्ट खेलाडीले पनि नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# निजी अस्पताललाई पुनः स्वास्थ्य बीमामा समेट्ने तयारी




काठमाडौंः स्वास्थ्य बीमा बोर्डले निजी अस्पताललाई पुनः सेवा प्रदायक संस्थाको रुपमा समेट्ने भएको छ ।

यसअघि सरकारले आर्थिक २०८०/८१ को बजेटमार्फत बीमा कार्यक्रमलाई पुनर्संरचनाको आवश्यकता भएको भन्दै 'सरकारी, सामुदायिक र सहकारी अस्पतालमा मात्र स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको थियो । उक्त घोषणासँगै निजी अस्पताल र मेडिकल कलेजमा स्वास्थ्य बीमा कार्यक्रम बन्द भएका थिए ।

निजी अस्पताल तथा मेडिकल कलेजले बीमितको उपचार गरेवापत फर्जी बिल पेश गर्ने गरेको तथा बीमितको सुविधा थैली सक्ने हिसाबले मनपरी स्वास्थ्य परीक्षण गरेको भन्दै निजी अस्पतालसँग सम्झौता बन्द गर्नुपरेको सरकारको तर्क थियो ।

तर हालै स्वास्थ्य बीमा बोर्डका अध्यक्ष बनेका डा. गुणराज लोहनीले तत्कालिन समयमा स्वास्थ्य बीमा बोर्डको नेतृत्वले सरकारलाई बुझाउन नसक्दा र अनुगमनमा भएको कमजोरीका कारण निजी अस्पतालमा सेवा बन्द गरिएको भन्दै अब सुरु गर्ने बताए ।

डा. लोहनीले सेवाप्रदायक संस्थालाई बीमितको उपचारवापत समान मूल्य तिर्ने व्यवस्था भएको र बीमाको नजरमा सरकारी र निजी अस्पताललाई एकै नजरबाट हेर्ने बताए ।

'कुनै सेवा वीर अस्पतालमा २० हजार र नर्भिक अस्पतालमा पनि २० हजारमै पाइन्छ । समान मूल्य तिर्दा बोर्डका लागि सरकारी र निजी भन्ने हुँदैन', डा. लोहनीले भने, 'बीमाले नेपालमा निजी स्वास्थ्य संस्था छैन भनेर प्रमाणित गर्न खोजेको हो । तर यो विषय सरकारलाई बुझाउन सकिएको छैन ।'

यसभन्दा अगाडि सेवाप्रदायक संस्थाले गरेको बदमासीको अनुगमन प्रक्रियामा बोर्डको कमजोरीकै कारण यस्तो अवस्था आएको उनको भनाइ थियो ।

जनस्वास्थ्यविज्ञले सरकारी स्वास्थ्य संस्थाबाट सेवाको सुनिश्चितता गर्न नसक्ने र निजी क्षेत्रलाई पनि निषेध गर्दा स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारितामा प्रश्न उठ्ने धारणा राखेका थिए ।

बोर्डले कुनै संस्थाले बदमासी गरेको पुष्टि भए कारबाही गर्नुपर्ने, तर निजी अस्पताल तथा मेडिकल कलेजमा स्वास्थ्य बीमा बन्द गर्दा बीमित थप मर्कामा पर्ने उनीहरुको भनाइ थियो ।

अधिकांश निजी क्षेत्रले सेवा बन्द गर्दा बिमित मर्कामा परेको गुनासो बढेपछि पुनः समेट्ने निर्णय गरेको बोर्डको भनाइ छ ।

'निजी स्वास्थ्य संस्थाले बीमा बोर्डसँग पनि पैसा लिए, बीमितसँग पनि लिए । बोर्डले अनुगमन गर्न सकेन । निजी सेवा प्रदायकले बदमासी गर्दा बोर्ड त्यहाँ पुग्न सकेन, बोर्ड पनि बदमासीमै मिसिन पुग्यो', डा. लोहनीले भने ।

अहिले स्वास्थ्य बीमा गरेकाहरुलाई सरकारी अस्पतालले मात्रै सेवा दिन नसक्ने उल्लेख गर्दै उनले अनुगमन प्रक्रिया बलियो बनाउने र निजी अस्पताललाई पनि समेट्दै जाने बताए ।

'उदाहरणका लागि विराटनगरमा स्वास्थ्य बीमा गर्ने मानिस कति छन् ? त्यहाँ सरकारी अस्पतालले कति धान्न सक्छ होला ? सरकारी अस्पतालले धान्न नसकेको अवस्थामा निजी स्वास्थ्य संस्थालाई समेट्दै लैजान्छौं', डा. लोहनीले भने ।

बीमा बोर्डको तथ्यांक अनुसार कार्यक्रम बन्द गर्नु अगाडि सम्झौता भएका ५२ निजी स्वास्थ्य संस्था बोर्डमा थिए र बीमा कार्यक्रममा उनीहरुको योगदान ३० प्रतिशत हाराहारी थियो ।

*(स्रोतः अनलाईनखबर)*

# निबन्ध प्रतियोगितामा घलान प्रथम

समाज संवाददाता

हेटौँडाः बकैया-८ स्थित जनजागृति माविमा सम्पन्न आधारभूत तह वडास्तरीय निबन्ध प्रतियोगितामा विद्यालयकी अस्मिना घलान प्रथम भएकी छन् । विद्यालयको सगरमाथा बाल क्लबको आयोजना तथा वडा कार्यालयको प्रायोजनामा भएको प्रतियोगितामा ७ प्रतिस्पर्धीलाई पछि पार्दै घलान प्रथम भएकी हुन् ।

प्रतियोगितामा बकैया आधारभूत विद्यालयकी अमृता भोलन द्वितीय र जनजागृति माविकै निरुता घलान तृतीय भएका छन् । प्रतियोगितामा सहभागीहरुले बालश्रम शीर्षकमा निबन्ध तयार गरेका थिए । प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरुले स्टेशनरी सामग्री प्राप्त गरेका छन् ।

पुरस्कार वितरण कार्यक्रममा विद्यालयका प्रधानाध्यापक पेम्बा लामा, वडा सचिव युवराज ठाडा मगरलगायतको आतिथ्य रहेको थियो ।

# गिरीको अध्यक्षतामा जिम्नास्टिक संघ गठन

समाज संवाददाता

हेटौँडाः मकवानपुरमा जिम्नास्टिक संघ गठन गरिएको छ । बिहीबार हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा नेपाल जिम्नास्टिक संघका कोषाध्यक्ष सुनिलमान सिंको संयोजकत्व तथा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्कीको अध्यक्षतामा भएको भेलाले सुनिल गिरीको अध्यक्षतामा मकवानपुर जिल्ला जिम्नास्टिक संघ गठन गरिएको हो ।

संघको उपाध्यक्षमा गजेन्द्रराज गिरी, महासचिवमा रणवीर थापा (बब्लु), कोषाध्यक्षमा अनुपकुमार लामा चयन हुनुभएको छ । संघको सदस्यमा विमल लामा, रवीन्द्र शाही, सुम्रा थापा, मनिष योञ्जन, प्रलय चौलागाई, भीमबहादुर देउला, राजेश तामाङ, राजेश देउला र मदन श्रेष्ठ चयन हुनुभएको छ ।

हेटौँडा-४, कमलडाँडास्थित नवोदय शिशु सदनको वार्षिक खेलकुद कार्यक्रमअन्तर्गत् जिम्नास्टिक खेल कला प्रदर्शनीसमेत गरिएको थियो । काठमाडौं, भक्तपुर र ललितपुरका खेलाडीले जिम्नास्टिक खेल कला प्रस्तुत गरेका थिए ।

# उसु खेलाडी खड्काको निधनमा दीप प्रज्वलन



*उसु प्रतियोगितामा घर फर्कने क्रममा मृत्यु भएकी निता खड्काको नाममा दीपप्रज्वलन गर्दै ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला उसु संघले सुदूरपश्चिमकी उसु खेलाडी नीता खड्काको निधनप्रति श्रद्धाञ्जली व्यक्त गर्दै दीप प्रज्वलन गरेको छ । गत पुस १४ गते प्रतियोगितामा सहभागी भएर स्वर्ण जितन सफल भएकी खड्काको सवारी दुर्घटनामा परेर निधन भएकोमा दुःख व्यक्त गर्दै जिल्ला उसु संघले हेटौँडाको बुद्धचोकमा दीप प्रज्वलन गरेको हो ।

खड्काले हेटौँडामा भएको खेलकुद तथा औद्योगिक व्यापार महोत्सवमा आयोजना गरिएको प्रदेशस्तरीय उसु प्रतियोगितामा स्वर्ण पदक प्राप्त गरेकी थिइन् । स्वर्ण जितेर घर फर्कने क्रममा उनको निधन भएको थियो । मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्कीले खेलकुद महोत्सव भव्य तरिकाले सम्पन्न भएता पनि यो घटनाले सिंगो मकवानपुर जिल्लालाई अन्धकार बनाएको बताउनुभयो । दीप प्रज्वलनमा शोक व्यक्त गर्ने सबैमा धन्यवाद व्यक्त गर्नुहुँदै आउने दिनहरुमा यस्तो प्रकारको घटनाहरु नहोस् भन्ने कामना गर्नुभयो ।

मकवानपुर जिल्ला उसु संघका अध्यक्ष ज्योतिरत्न बज्राचार्यले स्वर्गीय खड्काको आत्माको चीरशान्तिको कामना गर्नुभयो । उहाँले यस घटनाले खेल जगतलाई ठूलो असर पुऱ्याएको बताउनुभयो ।

उसु संघका अध्यक्ष बज्राचार्यको सभाध्यक्षतामा तथा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष खड्कीको प्रमुख आतिथ्यमा दीप प्रज्वलन कार्यक्रम भएको थियो । कार्यक्रममा जिल्ला उसु संघका सचिव विश्वनाथ पाठक, उसु प्रशिक्षक विमल थापा मगरलगायत विभिन्न खेलका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# कम्प्युटर डिजाइन तालिममा टेक टाइटन्स प्रथम

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्ट (एचएसएम) र आइहबको आयोजनामा भएको १२ दिने कम्प्युटर डिजाइन युआईयुएक्स तालिममा टेक टाइटन्स टिम प्रथम भएको छ । एचएसएमले कक्षा-१२ का विद्यार्थीका लागि आयोजना गरेको १२ दिने कम्प्युटर डिजाइन कार्यक्रममा टेक टाइटन्सका जेनिशा मगर, प्रयास गर्तौला, अभिषेक अधिकारी, विधान लामा र रचित अधिकारीको टिम प्रथम भएको एचएसएमका सार्वजनिक सूचना अधिकारी सुदेक्षा श्रेष्ठले जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागी टिम एकता दोस्रो र टिम अर्किड तेस्रो भएको हो । युआईयुएक्स डिजाइनमा असाधारण प्रतिभा प्रदर्शन गर्ने प्रथम र दोस्रो टोलीलाई क्यामसले किबोर्ड, मेडल र प्रमाणपत्र हस्तान्तरण गरेको छ भने तेस्रो हुने टोलीलाई मेडल र प्रमाण पत्र हस्तान्तरण गरेको श्रेष्ठले बताउनुभयो । एचएसएमले क्याम्पसका कक्षा-१२ का विद्यार्थीका लागि आयोजना गरेको १२ दिने कम्प्युटर डिजाइन कार्यक्रम बिहीबार सम्पन्न भएको छ । पुस ११ गतेदेखि सञ्चालन भएको तालिममा क्याम्पसका कक्षा-१२ का ९४ जना विद्यार्थीले १४ टोली बनाएर सहभागी भएएका थिए । क्याम्पसमै भएको तालिममा म्यानेजमेन्ट संकायका विद्यार्थीले सहभागित जनाएका थिए ।

# दलित महिलाको पहुँच वृद्धिसम्बन्धी अन्तरक्रिया

समाज संवाददाता

हेटौँडाः सामाजिक न्याय र विकास प्रक्रियामा दलित महिलाको पहुँच अभिवृद्धिका लागि मिडियाकर्मीहरुको भूमिकासम्बन्धी अन्तरक्रिया कार्यक्रम भएको छ । दलित महिला संघ मकवानपुरको आयोजना तथा फाउन्डेशन सोसाइटीको सहयोगमा हेटौँडामा बिहीबार कार्यक्रम भएको हो ।

नेपाल पत्रकार महासंघ मकवानपुरको सभाहलमा भएको कार्यक्रममा संघकी अध्यक्ष पवित्रा विश्वकर्माको सभाध्यक्षता थियो । कार्यक्रम नेपाल पत्रकार संघ मकवानपुरका अध्यक्ष मणिराज गौतमको प्रमुख आतिथ्यमा भएको हो ।

कार्यक्रममा अध्यक्ष गौतमले केही महिनाअगाडि नै संघले दलित महिलाका लागि प्रदेशस्तरीय कार्यक्रमको आयोजना गरेको बताउनुभयो । उहाँले दलित महिलाहरुको अवस्था के कस्तो छ भन्ने कुरालाई नसमेटिएकोमा चिन्ता व्यक्त गर्नुहुँदै कार्यक्रमको आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

संस्थाकी संयोजक विमला विकले विसं. २०५१ सालमा स्थापना भएको संस्थाले विगत ३ दशकदेखि दलित महिलाहरुको उद्दार कार्य गर्दै आइरहेको बताउनुभयो । जातीय छुवाछुत भेदभावविरुद्ध अभियान सञ्चालन गर्न विद्यालयस्तरको कार्यक्रम आयोजना गरेको उहाँले बताउनुभयो । उहाँले महिला अधिकार र लैङ्गिक असमानताबाट सबैभन्दा बढी पीडामा परेका दलितहरुको उद्दार गर्ने उद्देश्य लिएको बताउनुभयो ।

महिला समूहहरु गठन गर्ने, फ्रान्टलाइन डिफेन्डर परिचालन, स्थानीयस्तरको मुद्धामा फिचर लेखन सञ्चालन र मिडिया संलग्न कार्यक्रम गर्ने बताउनुभयो । महिलाहरुको समूह गठन गरेर अधिकार प्राप्तिका लागि योजना बनाउनुपर्ने उहाँले बताउनुभयो ।

संविधानमा लेखिएको कुराहरुको पालना नभएको र विद्यालयमा पनि दलित वर्गहरुलाई निःशुल्क शिक्षाको व्यवस्था नभएको उहाँले दावी गर्नुभएको छ । संघकी अध्यक्ष विश्वकर्माले निःशुल्क शिक्षा व्यवस्थापन गराउने उद्देश्यले १ दशकदेखि अभियान चलाउँदा पनि मिडियाकर्मीहरुसँग जोडिन नसकेको बताउनुभयो । कुनै पनि कुराहरुलाई विश्वव्यापीरुपमा प्रख्यात बनाउन मिडियाले ठूलो भूमिका निर्वाह गर्ने उहाँको भनाइ छ ।

प्रदेश तथा स्थानीय तहले दलित महिलाहरुलाई विभिन्न कार्यहरुमा समावेश गर्नुपर्ने उहाँले बताउनुभयो । गरिबी, अशिक्षा र सचेतनाको अभावले गर्दा दलित महिलाहरुले राम्ररी स्वास्थ्य उपचार नपाउने गरेकोमा उहाँले दुःख व्यक्त गर्नुभयो । मानव अधिकार र लैङ्गिक विभेदको शिकारमा दलित वर्गहरु पर्ने उहाँले स्पष्ट पार्नुभयो । कार्यक्रममा संघकी उपाध्यक्ष सुनिद दमान र विभिन्न मिडियाका सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ